# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०९।१६ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार, काठमाडौंका खरिदार त्रिलोचना पोखरेलले किर्ते दस्तखत गरी मिटिङ माइन्युट, बैठक भत्ता तथा विभिन्न ५ वटा सडकहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी उक्त प्रतिवेदन स्वीकृतसमेत गरी पत्राचार गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा खरिदार त्रिलोचना पोखरेलले प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्ने क्रममा किर्ते मिटिङ माइन्युट र बैठक भत्ता बुझेको भरपाई तथा स्वीकृतिपत्र तयार गरेको साथै बैठक भत्तावापत भनी झुठ्ठा व्यहोराको भरपाई बनाई सो कार्य गरिदिएवापत सेवाग्राहीबाट घुस/रिसवत रु. ८३,०००।- बुझिलिएको पुष्टि हुन आएको देखिंदा जिम्मेवार राष्ट्रसेवक कर्मचारीले मन्त्रालय तथा मन्त्रालयका कर्मचारीहरुलाई हानि पुऱ्याउने बदनियतले उक्त गलत लिखत तयार गरी अनधिकृत रुपमा घुस लिएको हुँदा निज त्रिलोचना पोखरेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ९ बमोजिमको समेत कसुर अपराध गरेको पुष्टि हुन आएकोले निजलाई घुस/रिसवतको बिगो रु. ८३,०००।– (त्रियासी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) र सोही ऐनको दफा ९ बमोजिम सजाय हुन र बिगो रकम निजबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन समेत मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता

प्रदीपकुमार कोइराला